322

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ६/२०६९/०७०

निर्णय नं.९

केशव प्रसाई, नयाँ बानेश्वर काठमाण्डौं................................................................१ निवेदक

विरुद्ध

सचिव, लोक सेवा आयोग, अनामनगर, काठमाण्डौं...................................................१ विपक्षी

विषय: अन्तर्वार्तामा उपस्थित सम्पूर्ण उम्मेदवारहरुको जम्मा प्राप्ताङ्क सम्बन्धी सूचना माग भएको सम्बन्धमा ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ अन्तर्गत यस आयोग समक्ष पर्न आएको निवेदन र तत्सम्बन्धी यस आयोगबाट भएको कारवाहीको संक्षिप्त तथ्य निम्नानुसार छ ।

१. सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ बमोजिम विज्ञापन नं. ९७२-०६२/६३ कृषि सेवा, बाली संरक्षण समूहको बाली संरक्षण अधिकृत पदमा अन्तर्वार्तामा उपस्थित सम्पूर्ण सात जना उम्मेदवारको जम्मा प्राप्ताङ्क उपलब्ध गराई पाउँ भन्ने केशव प्रसाईको मिति २०६७।११।०२ को निवेदन ।

२. यस आयोगबाट मिति २०६७।११।३०, २०६८।५।१५, २०६८।१०।१८ र २०६८।११।५ मा माग बमोजिमको सूचना दिनु भनी आदेश/निर्णय गरी लोक सेवा आयोगका सचिवको नाममा लेखी पठाएको ।

३. विभिन्न मितिमा लोक सेवा आयोगका सचिवसँग छलफल भएको ।

४. यस आयोगबाट मिति २०६८।८।९ गते 'निवेदकको माग बमोजिम तपाईलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारवाही किन गर्न नपर्ने हो । सोको

लिखित जवाफसहित पत्र प्राप्त भएको मितिले ७ (सात) दिनभित्र यस आयोगमा उपस्थित हुन लोक सेवा आयोगका सचिवका नाममा आदेश भएको ।

५. तत्पश्चात लोक सेवा आयोगका सचिवले मिति २०६८।८।१८ को पत्रद्वारा 'तहाँ आयोगबाट भएको निर्देशन कार्यान्वयन गर्ने सन्दर्भमा ऐन बमोजिम गोप्य रहने सूचना लोक सेवा आयोग ऐन, २०६६ को दफा ४५ को विपरित सचिव आफैले निर्णय गरी उपलब्ध गराउन सक्ने अवस्था नरहेको' व्यहोरा यस आयोगमा प्राप्त भएको ।

६. लोक सेवा आयोगका सचिवले 'आयोगबाट भएको उक्त आदेश कार्यान्वयन गर्ने सम्बन्धमा लोक सेवा आयोग ऐन, २०६६ को दफा ४५ मा भएको प्रावधान अनुसार सचिव आफैले निर्णय गरी उपलब्ध गराउन सक्ने व्यवस्था नरहेको हुँदा अनुमतिको लागि लोक सेवा आयोगमा प्रस्ताव पेश भएकोमा आयोगबाट मिति २०६८।१०।२३ मा निर्णय भएकोले तहाँ अयोगबाट यस आयोगका सचिवको नाममा आदेश जारी नहुने व्यवस्थाको लागि अनुरोध गरी मिति २०६८।१०।२७ मा लोक सेवा आयोगका सचिवबाट यस आयोगलाई लेखिएको पत्र फाईल संलग्न रहेको ।

७. लोक सेवा आयोगको मिति २०६७।१२।०९, २०६८।८।१८, २०६८।९।१८ र २०६८।१०।२७ पत्रबाट लोक सेवा आयोग ऐन, २०६६ को दफा ४५(१) बमोजिम माग अनुसारको सूचना दिन नमिल्ने भन्ने लगायतको जवाफ प्राप्त भएको ।

८. सो सम्बन्धमा लोक सेवा आयोगका सचिवसँग मिति २०७१।१२।१८ मा छलफल समेत भै लोक सेवा आयोगबाट लिखित जवाफ समेत माग गरिएको ।

९. लोक सेवा आयोग ऐन, २०६६ को दफा ४५ को उपदफा २ बमोजिम आयोगले तोके बमोजिमका परीक्षा सम्बन्धी कागजात वा विवरण सम्बन्धित व्यक्तिलाई दिन वा सार्वजनिक गर्न सक्ने व्यवस्था रहेकोले क्रमश: पारदर्शी बनाउँदै लैजाने प्रयासमा छ । आयोगबाट भूमिका निर्वाह गर्दा आर्जन गरेको जनविश्वास र संस्थाको पवित्रता (Sancity) मा कमी नआउने गरी कुन हदसम्म सूचना सम्बन्धित वा सर्वसाधारण सबैलाई उपलब्ध गराउने भन्नेमा समयानुकूल निर्णय गर्न आयोग आफै सक्षम भएको भन्ने समेत व्यहोराको च.नं. ९१, मिति २०७२।०२।१० को लोक सेवा आयोगको यस आयोगमा प्राप्त भएको पत्र ।

## आयोगको ठहर/निर्णय

प्रस्तुत विषयमा 'लोक सेवा आयोग ऐन, २०६६ को दफा ४५(१) बमोजिम परीक्षासँग सम्बन्धित कागजात गोप्य रहन्छ । सूचनाको हकलाई नेपालको अन्तरिम संविधान, २०६३ ले निरपेक्ष मौलिक अधिकारको रुपमा व्यवस्था गरेको देखिदैंन । कानुनद्वारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन भन्ने संविधानमा बचाउको प्रावधान छ । आफ्नो संवैधानिक भूमिका निर्वाह गर्दा आर्जन गरेको जनविश्वास र संस्थाको पवित्रतामा कमी नआउने गरी कुन हदसम्मको सूचना सम्बन्धित व्यक्तिलाई वा सर्वसाधारण सबैलाई उपलब्ध

गराउन भन्नमा समयानुकूल निर्णय गर्न आयोग आफै सक्षम छ' भन्ने लोक सेवा आयोगको जवाफप्रति यस आयोगको गंभिर ध्यानाकर्षण भएको छ।

प्रस्तुत विषयमा संक्षिप्त रुपमा विश्लेषण गर्दा निवेदक सूचनाको हकसम्बन्धी ऐन, २०६४ अन्तर्गत सूचना माग गर्न आएको देखिंदा यस स्थितिमा लोक सेवा आयोग ऐन, २०६६ आकर्षित हुने देखिंदैन। संविधानमा 'तर, कानुनद्वारा गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन' भन्नाले सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले सूचना प्रवाहमा बाध्य नगरेका प्रावधानलाई इंगित गरेको प्रष्ट हुन्छ। सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३(३) ले कुन सूचना संरक्षण गरी राख्ने भन्ने प्रष्ट व्यवस्था गरेको सन्दर्भमा निवेदकले माग गरेको उक्त सूचना ऐनको ३(३) अन्तर्गत प्रवाह नगरिने सूचना भित्र नपर्ने पनि प्रष्ट छ। जहाँसम्म कुन सूचना सार्वजनिक गर्ने र कुन सूचना संरक्षण गर्ने भन्ने विषयमा अन्तिम निर्णय गर्ने अधिकार क्षेत्र राष्ट्रिय सूचना आयोगमा रहने ऐनको उद्देश्य समेत रहेको हुँदा विपक्षी लोक सेवा आयोगले निवेदकले माग गरेअनुसार सूचना दिन सकिदैन भन्ने जवाफसँग यो आयोग सहमत हुन सकेन।

नागरिकको सूचना माग्ने र पाउने संवैधानिक हकको प्रचलन गराउन यस आयोग दृढ छ। सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सार्वजनिक निकायमा रहेको सूचनामा नागरिकको पहुँच सुनिश्चित गरिएको सन्दर्भमा निवेदकको माग बमोजिम सूचना दिनु भनी संविधान, कानुन, प्रचलन, पूर्व फैसला, स्थापित मान्यता, तर्क र कारणका आधारमा यो आयोग लोक सेवा आयोगका उपयुक्त पदाधिकारीको नाममा अतिरिक्त आदेश जारी गर्ने अवस्थामा पुगेको छ। तर, लोक सेवा आयोगका सचिवले आफूले निर्णय गर्न सक्ने पदीय हैसियतमा नरहेको जवाफ पठाउनु भएकाले लोक सेवा आयोगसंग माग गरिएको सूचनाको सम्बन्धमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ९ को उपदफा (१) बमोजिम सूचना उपलब्ध नगराउने सूचना अधिकारी उपर उजुरी गर्ने 'प्रमुख' लोक सेवा आयोगको हकमा कुन पदाधिकारीलाई बुझाउँछ ? सो को जवाफ सात (७) दिन भित्र यस आयोगमा पठाउनू भनी लोक सेवा आयोगको सचिवको नाममा यो आदेश गरिएको छ। यस आदेशको प्रतिलिपि लोक सेवा आयोगका सचिवलाई पठाउनू।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल साउन २५ गते रोज २ शुभम्।